"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधार :
गाउँपालिकाको समृद्धिको आधार"

## अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको

# नीति तथा कार्यक्रम

## आ.व. २०८१/०८२

अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको
गाउँसभाको १३औं अधिवेशनमा
गाउँपालिका उपाध्यक्ष श्री कल्पना कुमारी चौधरीद्वारा प्रस्तुत
नीति तथा कार्यक्रम
आर्थिक बर्ष २०८१/०८२

**अग्नीसाईर कृष्णासवरन गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
सितापुर, सप्तरी, मधेश प्रदेश, नेपाल

CamScanner

# नीति तथा कार्यक्रम

"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पुर्वाधारः गाउँपालिकाको समृद्धिको आधार"

**श्रद्धेय सभाध्यक्ष महोदय,**

प्रमुख अतिथि जिल्ला समन्वय समितिका प्रमुख श्री शिवनारायण साह ज्यु, विशिष्ट अतिथि ज्युहरु, अतिथि ज्युहरु, उपस्थित सम्पूर्ण सभाका सदस्यज्युहरु, सवै राष्ट्रसेवक कर्मचारीहरु, पत्रकार, सुरक्षाकर्मी, वुद्धिजीवी, समाजसेवी, नागरिक समाज एवं राजनीतिकर्मीहरु सवैमा यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८१/८२ को वजेट प्रस्तुत गर्न आयोजित यस सम्मानित सभामा हार्दिक स्वागत तथा नमस्कार गर्न चाहन्छु।

नेपालको युगान्तकारी परिवर्तन गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तीको निम्ती विभिन्न कालखण्डमा ऐतिहासिक जन-आन्दोलन, मधेश आन्दोलन लगायतका आन्दोलनहरुमा देश र जनताको लागि आफ्नो जीवन समर्पण गर्नुहुने ज्ञात, अज्ञात वीर सहीदहरुप्रति सम्मानका साथ भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु। साथै घाईते, वेपत्ता नागरिकप्रति सम्मान् प्रकट गर्दछु। राजनैतिक, सामाजिक परिवर्तनमा नेतृत्वदायी भुमिका निर्वाह गर्ने सवै अग्रजहरुप्रति आदरभाव प्रकट गर्दछु।

यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको गाउँसभाको १३ औं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८१/८२ को लागि ऐतिहासिक वार्षिक नीति तथा कार्यक्रम एवं वार्षिक वजेट प्रस्तुत गर्न पाउँदा मलाई निकै नै गर्व महसुस भएको छ।

अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको समग्र विकासको खाका तयार गर्नका लागि नीति तथा कार्यक्रम एवं वजेट तर्जुमाका विभिन्न चरणहरुमा सहयोग पुर्याउनुहुने श्रद्धेय अध्यक्ष ज्यु, वडाध्यक्षज्युहरु, कार्यपालिका सदस्यज्युहरु, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा गाउँपालिका वासी दाजुभाई, दीदीवहिनीहरु सवैमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

हाम्रो गाउँपालिका र हाम्रो समाजका अधिकांस परिवार गरिवीको रेखामुनी रहेका छन्। यसको कारण शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकासमा विज्ञानसंगत तरिकाले दिर्घकालिन योजना तर्जुमा र कार्यान्वयन गर्न नसक्नु हो। त्यस्तै गरि हाम्रो पालिका करिव ८० प्रतिशत कृषिमा आधारित अर्थव्यवस्थामा संलग्न रहेपनि कृषि क्षेत्रमा आधुनिकीकरण, व्यवसायिकरण र वैज्ञानिक पद्धतिसंग जोड्ने किसिमको दिर्घकालिन योजनाहरु तर्जुमा गरि कार्यान्वयन नगर्दा वेरोजगारीको विकराल समस्या हामीसंग चूनौतिको रुपमा चट्टान झैं उभिएको छ। यसको परिणाम गरिवी, सामाजिक विकृति र व्यापक मात्रामा युवा जनशक्ति वैदेशिक रोजगाररमा पलायन हुन वाध्य भएका छन्।

हामी एकाईसौं शताव्दीको विज्ञान प्रविधीको युगमा रहेपनि आजसम्म पौराणिक पद्धति, प्रविधि मै निर्भर रहेका छौं। हाम्रो अर्थनीति उत्पादनमुखी नभई निर्वाहमुखी भएको कारण हाम्रो समाज आजसम्म पछौटेपनको शिकार भएको छ। तसर्थ यी यावत चुनौतिहरुलाई आत्मसाथ गर्दै अनुत्पादक क्षेत्रलाई निरुत्साहन गर्दै उत्पादक क्षेत्रलाई प्रोत्साहन गर्नु आजको आवश्यकता हो। त्यसैले वजेट सिमा निर्धारण र योजना तर्जुमा गरिरहँदा उत्पादनमुखि क्षेत्रहरु शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन, उद्यम विकास, भौतिक पुर्वाधार विकासलाई प्राथमिकतामा राखि दिर्घकालिन योजना अनुसार दिगो विकासलाई टेवा पुग्ने गरि योजना तर्जुमा गरेकी छु।



CamScanner

श्रद्धेय सभाअध्यक्ष महोदय,

अब म आगामी आर्थिक वर्ष २०८१/०८२ मा अग्नीसाईर कृष्णासवरन गाउँपालिकाले अंगिकार गर्ने मुख्य-मुख्य नीति तथा कार्यक्रमहरुलाई यस गरिमामय सभामा पेश गर्ने अनुमति चाहन्छु ।

## राजनीतिक तथा शासन व्यवस्था सम्बन्धी नीति :

१. यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकाबाट प्रवाह हुने सम्पूर्ण जनसेवाका कार्यक्रमहरु जनस्तरमा समान पहुँच सुनिश्चित गरि सुशासन सहितको शासन व्यवस्था स्थापना गरिनेछ ।
   - ✓ कर्मचारी तन्त्रलाई व्यवस्थित, स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, चुस्त दुरुस्त, अनुशासित एवम जनउत्तरदायी बनाउने कदम पहिलो आधार हुनेछ ।
   - ✓ सार्वजनिक सेवा प्रवाह, सामाजिक विकास, समन्यायिक पहुँच लगायतका विषयमा पालिका र जनसमुदाय बीच अन्तरसम्बन्ध मजबुत बनाउन बढी भन्दा बढी जनसहभागिता गराई जनउत्तरदायी र सहभागितामूलक पालिका निर्माण गरिनेछ ।

२. गाउँपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरु आस्मिक बाहेक अन्य प्रयोजनमा बिदा बस्नु परेमा बिदा स्वीकृत गराई मात्र बिदा बस्ने व्यवस्था मिलाईनेछ ।

३. दैनिक प्रशासनिक सेवा प्रवाहमा प्रयोगमा आएका आधुनिक प्रविधि उपकरणहरुलाई उचित व्यवस्थापन, आवश्यक विद्युतीय शासन प्रणालीसंग सम्बन्धित उपकरणहरु व्यवस्था गरी सहज र सरल तरीकाबाट प्रशासनिक सेवा प्रदान गरिनेछ ।

४. दिर्घकालिन, मध्यमकालिन, अल्पकालिन, र आकस्मिक योजनाहरु बनाईनेछ ।

५. पालिकाको अधिकार क्षेत्र भित्र पर्ने सार्वजनिक जग्गा संरक्षण सम्वर्द्धन गर्न स्थानीय भूमि ऐन तथा कार्यविधि बनाई लागू गरिनेछ ।

६. गाउंकार्यपालिकाको नियमित कामकाजलाई कानूनसम्मत एवम प्रभावकारी रुपमा संचालन गर्न आवश्यक ऐन, नियम, विनियम, कार्यविधिहरु निर्माण र संसोधन गरिनेछ ।

७. जग्गाधनीले सहमति दिएको, चलन चल्तीमा रहेको, नेपाल सरकारले अधिकरण गरेको र डगर बाटो भनेर लगत कट्टा गरेको जग्गामा मात्र सडक बाटो निर्माण तथा मर्मत कार्य गर्ने व्यवस्था मिलाईनेछ ।

८. गाउंपालिकाका विभिन्न वडाका नागरिक तथा विभिन्न ठाउँका लागि माँग भई आएका ट्युववेल तथा सोलार सेट वितरण गर्दा गा.पा. अध्यक्षको सिफारिसको आधारमा वितरण गरिनेछ ।

९. गाउँपालिकाको स्वीकृत दरबन्दी तेरिज अनुसार कर्मचारी व्यवस्थापन गरिनेछ ।

१०. दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुलाई कामको प्रकृति हेरी अति आवश्यक कर्मचारीलाई सभाबाट अस्थायी दरबन्दी सृजना गरी खुल्ला प्रतिस्पर्धाद्वारा सेवा करार गरी कामकाजमा लगाईनेछ ।

११. नगर प्रहरीलाई समय समयमा क्षमता अभिवृद्धि सम्बन्धी प्रहरी तालिमको व्यवस्था गरिनेछ ।

## संस्थागत विकास तथा सुशासन सम्बन्धी नीतिः

१. उत्कृष्ट कर्मचारी तथा शिक्षकहरुको ज्येष्टता, इमान्दारीता, कार्यक्षमता, कार्यकुशलता तथा कार्यसम्पादन स्तरलाई आधारमानी मुल्यांकन गरिनेछ ।

२. समयमा पेश्की फछ्यौट गर्न/गराउन तथा बेरुजु असुल उपर गर्न/गराउन प्रभावकारी नीति लिइनेछ ।

३. संगठन संरचना तथा व्यवस्थापन सर्वेक्षण O&M को आधारमा प्रदेश लोकसेवा आयोगबाट सहमति लिई स्थायी पदपूर्ति गरिनेछ ।



CamScanner

४. गाउँपालिकाको संस्थागत क्षमता विकास गर्न पदाधिकारी तथा कर्मचारीहरुलाई तालिम, गोष्ठी, अध्ययन, अवलोकन, भ्रमण तथा नेतृत्व क्षमता विकास तालिम दिइने व्यवस्था मिलाइनेछ । न्यायिक समितिका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक तालिमको प्रवन्ध गरिनेछ ।

५. यस पालिका भित्र संचानलन रहेको गैर सरकारी संघ संस्थाहरुसंग समन्वय गरी क्षेत्र पहिचान गरी साझेदारी कार्यक्रम अगाडी वढाइनेछ ।

**शिक्षा तथा मानवीय संसाधन विकाश :**

१. शैक्षिक सुधार कार्यक्रम अन्तंगत सामुदायिक विद्यालयको भौतिक पूर्वाधार एवम शैक्षिक गुणस्तर वृद्धि विकासको लागि शिक्षाविदहरुसंग विचारविमर्श गरी दिर्घकालीन योजना संचालन गरिनेछ ।

२. गरिव तथा जेहेन्दार, आदिवासी, जनजाति, दलित समुदायलाई प्राविधिक शिक्षाको लागि छात्रवृत्ति (१००%, ५०%, २५%) प्रदान गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

३. शैक्षिक सुशासन तथा व्यवस्थापनको लागि आन्तरिक शिक्षक सरुवाको आवश्यक व्यवस्थापन गरिनेछ ।

४. शैक्षिक सुशासनको लागि परीक्षा प्रणालीवाट प्र.अ.को छनौट गरिने व्यवस्था मिलाईने छ ।

५. पालिका भित्रका विद्यालयहरुमा विद्यार्थीहरुलाई स्वच्छ पिउने पानी, सफा वालमैत्री शौचालय निर्माण गरिनेछ ।

६. पालिका भित्र थप विद्यालयहरुलाई नमूना विद्यालयको रुपमा विकास गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

७. शिक्षावाट वञ्चित रहेका व्रालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउन विशेष कार्यकम संचालनमा ल्याईनेछ ।

८. शिक्षकहरुको लागि नयाँ पाठ्यक्रम, प्रवोधिकरण तालिम तथा पुनर्ताजगी तालिमको व्यवस्था गरिनेछ ।

९. एक शैक्षिक शत्रमा दुई पटक शिक्षा शाखा प्रमुख, प्र.अ.हरु, शिक्षा विदहरुसंग सामुहिक अन्तरक्रिया कार्यक्रम गरि शैक्षिक रणनीति तयार गरिनेछ ।

१०. स्थानीय पाठ्यक्रम निर्माण गरी लागु गरिनेछ ।

११. अनुगमन तथा सुपरिवेक्षण कार्यलाई प्रभावकारी वनाउंदै गुणस्तरीय शिक्षालाई सुनिश्चित गरिनेछ ।

१२. आवश्यक नीति, नियम तथा निर्देशिका वनाई संस्थागत विद्यालयहरुलाई व्यवस्थित गरिनेछ । साथै विना अनुमति संचालनमा रहेका संस्थागत विद्यालय विरुद्ध आवश्यक कारवाहीको प्रक्रिया अगाडी वढाईनेछ ।

१३. महिनावारीको कारणले विद्यालयमा अनुपस्थित हुने कार्यलाई निरुत्साहित गर्नका लागि विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क स्यानीटरी प्याड वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

१४. यस गा.पा. स्थित रहेको सामुदायिक विद्यालय श्री महिकर माध्यमिक विद्यालय प्रसवनी र श्री श्यामा रा.प्रा.वि. प्रसवनी सिमा टाँसिएको र महिकर मा.वि. कक्षा ६ देखि संचालित विद्यालय भएको तथा श्यामा रा.प्रा.वि. कक्षा १-५ संचालित विद्यालय भएको र महिकर मा.वि. नमुना विद्यालय भएको र <u>नमुना विद्यालय व्यवस्थापन कार्यविधि-२०७४</u> वमोजिम नमुना विद्यलायको लागि वाल कक्षा देखि नै संचालित विद्यालय हुनुपर्ने भएकोले महिकर मा.वि.ले वारम्वार वाल कक्षा देखि विद्यालय संचालनको अनुमति माग्दै आईरहेको, सो सम्वन्धमा विद्यालयलाई थप कक्षा संचालनको अनुमति दिन कानुनी एवं व्यवहारिक रुपमा कठिनाई भएको हुंदा उक्त महिकर मा.वि.लाई वाल कक्षा संचालनको लागि अनुमति दिनु भन्दा श्यामा रा.प्रा.वि.लाई



CamScanner

उक्त विद्यालयसँग समायोजन गर्न उपयुक्त देखिएकोले श्री महिकर मा.वि. प्रसवनी र श्री श्यामा रा.प्रा.वि. प्रसवनीलाई एक आपसमा समायोजन गर्न गराउनका लागि सम्वन्धित पक्षहरुसँग आवश्यक छलफल अगाडी वढाइनेछ ।

१५. विद्यालय व्यवस्थापन समिति गठन हुन नसकेका विद्यालयहरुको गाउँपालिकाद्वारा आवश्यक सहजीकरण गरी विद्यालय व्यवस्थापन समिति गठन गर्न लगाइनेछ ।

१६. श्री महिकर मा.वि. र श्यामा रा.प्रा.वि.लाई मर्ज गरी पालिका भित्र रहेको विद्यालयहरुमा कार्यरत शिक्षकहरु मध्येवाट छनौट गरी उक्त विद्यालयमा पठन पाठन गर्न लगाई विद्यालयको गुणस्तरलाई अभिवृद्धि गर्नुको साथै नमुना विद्यालयको रुपमा विकास गर्ने र शैक्षिक कवको रुपमा विस्तार गरिनेछ ।

१७. एक पालिका एक प्राविधिक धारको विद्यालयको रुपमा रहेको ठाकुरजी मा.वि.को गुणस्तर अभिवृद्धि गर्ने शिक्षक स्थानान्तरण कार्यविधि लागु गरिनेछ ।

**स्वास्थ्य :**

१. गाउँपालिका स्तरीय एक सुविधा सम्पन्न १५ शैयाको आधारभुत अस्पताल निर्माण सम्वन्धी कार्य अगाडी वढाइनेछ ।

२ एक वडा एक प्राथमिक स्वास्थ्य केन्द्र अभियान स्वरुप यस गा.पा. अन्तर्गतका स्वास्थ्य संस्थाहरुको अधुरा रहेका भवनहरुको निर्माण कार्यलाई तदारुकताका साथ अगाडि वढाईनेछ ।

३. सामुदायिक अस्पताल, वर्थिङ्ग सेन्टरहरु व्यवस्थित रुपले संचालन गर्न आवश्यक जनशक्ति तथा पुर्वाधार तयार गर्नुको साथै यस गा.पा. मातहतका प्रसवनी स्वास्थ्य चौकीमा वर्थिङ्ग सेन्टर संचालन साथै स्वास्थ्य सेवा प्रभावकारी रुपमा कार्यान्वयनका लागि यसै आ.व.मा एक थान एम्वुलेन्स खरिद गर्ने कार्य अगाडी वढाईनेछ ।

४. आयुर्वेद औषद्यालयहरुको स्तरउन्नतीको लागि आवश्यक योजना संचालन गरी आयुर्वेद प्रति जनस्तरवाटै थप जनचेतना जगाईनेछ ।

५. जेष्ठ नागरिक, सुत्केरी हुने महिला तथा सडक दुर्घटनामा घाईते भएका नागरिकहरुलाई निःशुल्क एम्वुलेन्स सेवा प्रदान गर्ने र सो एम्वुलेन्स संचालनमा लाग्ने खर्चको भुक्तानी दिने कार्यलाई निरन्तरता दिइनेछ ।

६. सामुदायिक स्वास्थ्य चौकी, स्वास्थ्य इकाईवाट उपलव्ध हुने सेवा सुविधा वारे गाउँघरमा जनचेतना अभिवृद्धि गर्न गाउँघर क्लिनिक सेवा संचालनको लागि आवश्यक कार्य अगाडी वढाईनेछ ।

७. स्वास्थ्य चौकीहरुमा औषधीजन्य सामग्रीहरु आवश्यक मात्रामा भण्डारण तथा आपूर्ति गर्ने व्यवस्था मिलाईनेछ ।

८. गाउँपालिकालाई शुन्य होम डेलिभरी (Zero Home Delivery) को रुपमा घोषणा गराउनका लागि स्वास्थ्य चौकीहरुमा वर्थिङ्ग सेन्टर निर्माण गरी विस्तार गरिनेछ ।

९. लागु पदार्थ दुर्व्यसन नियन्त्रणका लागि स्थानीय संघसंस्थाहरुसँगको सहकार्यलाई निरन्तरता दिईनेछ ।

१०. मानसिक स्वास्थ्य समस्या भएका तथा मनोसामाजिक अपांगता भएका व्यक्तिको सम्मानपूर्वक वाँच्न पाउने अधिकार एवम् गुणस्तरीय जीवनको संरक्षण गर्न जनचेतना कार्यक्रम तथा मनोपरामर्श सेवा उपलव्ध गराईनेछ ।

**राजश्व परिचालन सम्बन्धी नीतिः**

१. आन्तरिक आय वैज्ञानिक ढंगले प्रक्षेपण गरी सोही अनुसार करको दर र दायारामा वृद्धि गर्दै लगिनेछ ।



CamScanner

२. व्यवसायीहरुको तथ्याङ्क संकलन गरी व्यवसाय दर्ता प्रक्रियालाई निरन्तरता दिइनेछ ।
३. संघ तथा प्रदेश सरकारको अनुदान र आन्तरिक आयलाई योजनाको कार्यविधि अनुसार प्रभावकारी रुपमा परिचालन गरिनेछ ।
४. आन्तरिक पर्यटनबाट आय वृद्धि गर्ने स्पष्ट खाका तयार गरिनेछ ।
६. गाउँपालिकाको स्वामित्वमा रहेका विभिन्न हाट बजारको पक्की गिलेसन, कटघरा, घर, गोदाम टहराहरुबाट उठ्ने राजश्वको उचित व्यवस्थापनका लागि एक आर्थिक बर्ष नबढ्ने गरी खुल्ला डाक बढाबढद्वारा ठेक्का लगाइनेछ ।
६. गाउँपालिका अन्तर्गत संचालन गरिने कृषि, पशुपक्षीजन्य व्यवसायिक फर्म, संमुहको दर्ता तथा नविकरण शुल्कमा अन्य व्यवसाय भन्दा २५% कम शुल्क लिने व्यवस्था गरिनेछ ।
७. गाउँपालिका भित्र दर्ता नगरी संचालनमा रहेको उद्योग, व्यापार, व्यवसाय, निजी/संस्थागत विद्यालयहरु तथा आर्थिक कारोवार गर्ने बैंक वित्तीय संस्थाहरुको नगर प्रहरी परिचालन गरी तथ्यांक संकलन गरी उक्त व्यवसायहरुलाई दर्ता गर्न लगाई करको दायारामा ल्याइनेछ ।
८. ठेक्का नलागेका गाउँपालिकाको स्वामित्वका सार्वजनिक पोखरीहरुलाई ठेक्काको प्रक्रियामा ल्याई व्यवस्थापन गरिनेछ ।

**कृषि तथा पशूपंक्षी विकाश :**

१. प्रमुख कृषि वालिहरु जस्तैः आँप, धान, गहुँ, मकै, खेती गर्ने कृषकहरुलाई आवश्यक प्राविधिक सेवा उपलब्ध गराई वैज्ञानिक तथा यान्त्रिकीकरण व्यवसायिक कृषि प्रणालिमा आवद्ध गराईनेछ । श्रोत वीउ उत्पादनको लागि विज वृद्धि कार्यक्रम तथा पकेट क्षेत्र स्थापना गरिनेछ । जसवाट कृषकहरुको जिवनस्तरमा सकारात्मक परिर्वतन हुने अपेक्षा गरिएको छ ।
   - ✓ करेसावारी तरकारी उत्पादनको लागि विउ विजन तथा प्रविधिहरुको व्यवस्थापन गरिनेछ ।
   - ✓ स्यालो ट्वेलहरुको व्यवस्था गरिनेछ ।
   - ✓ किसानहरुलाई ५० प्रतिशत अनुदानमा प्रविधि औजारहरु उलब्ध गराइनेछ ।
२. कृषि क्षेत्रमा लगानी गरिने सहुलियतपुर्ण कर्जा लगानीको लागि पालिकाले वाणिज्य बैंकहरु (माछापूच्छ्रे बैंक, कामना सेवा विकास बैंक) सँग समन्वय गरी सहजीकरण गरिनेछ ।
३. कृषि तथा पशुपंक्षी विमामा पालिकावाट अनुदानको कार्यक्रम ल्याई किसानहरुलाई व्यवसायिक सुरक्षाको प्रवन्ध मिलाईनेछ ।
४. किसानहरुको वर्गीकरण गरी किसान परिचय पत्र वितरण गरिनेछ ।
५. केयर नेपाल, राष्ट्रिय कृषक समुह महासंघ र पालिकाको साझेदारीमा कृषक पाठशाला, पोषण वगैंचा, कृषि प्रसार कार्यक्रम, करार खेती लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
६. करार खेतीको माध्यमवाट कृषि क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।
७. कृषि सडक निर्माण कार्यको लागि सम्वन्धित निकायहरुमा आवश्यक समन्वय गरिनेछ ।
८. पशुपंक्षी विमा अन्तर्गत सरकारले दिदैं आएको प्रिमियममा किसानको व्यवसाय सुनिश्चित गर्दै ५०% प्रिमियम गा.पा.वाट दिई पशुपालन तर्फ कृषकलाई उन्मुख गराइनेछ ।
९. न्यून आयश्रोत भएका किसानहरुलाई कृषिजन्य उत्पादन तथा पशूपंक्षीपालन कार्यमा प्रोत्साहन गर्न अनूदानको व्यवस्था गरिनेछ ।
१०. पशुपालन तथा दुग्ध उत्पादन व्यवसायलाई प्रवर्द्धन गर्नका लागि दुग्ध चिस्यान केन्द्र जडानको लागि दुग्ध उत्पादन सहकारीहरुलाई अनुदान कार्यक्रमलाई प्रोत्साहन दिईनेछ ।
११. कृषि योग्य भुमिमा सिंचाईको सुविधा पुऱ्याउन कृषि मिटरको विद्युत महशुल निःशुल्क गरिनेछ ।
१२. विशेष गरी गाई, भैंसी, वाखा श्रोत केन्द्रको स्थापना गराई उक्त कार्यक्रम प्रवर्द्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

**खानेपानी तथा ढल निकास एवम फोहोरमैला व्यवस्थापन र सरसफाई :**

१. गाउँपालिका भरीका सम्पुर्ण परिवारलाई शुद्ध खानेपानीको महुली सामुदायिक विकास केन्द्रको साझेदारीमा खानेपानी, सरसफाई तथा स्वच्छता कार्यक्रम संचालन गरिनेछ ।

२. हाट बजार तथा चौकहरुमा अव्यवस्थित रुपमा उत्पादन हुने फाहोर मैलालाई वैज्ञानिक रुपमा व्यवस्थापन गर्ने निती तथा कार्यक्रम ल्याईनेछ ।.

३. प्लास्टिकको झोला विस्थापित गरी वातावरणमैत्री कागज एवम कपडाको झोला प्रयोगमा ल्याउने सचेतना अभियान संचालन गरिनेछ ।

४. गाउँघरको सडकहरुमा आवश्यकता अनुसार ढल तथा नाला निर्माण गरिनेछ ।

५. आवश्यकता अनुसार गाउँटोलमा समरसियल बोरिङ्ग एवम ट्युवेल हस्तान्तरण गरिनेछ ।

६. गाउँपालिकाको सबै वडाहरुमा स्वच्छ तथा सुरक्षित खानेपानीको उपलब्धतामा जोड दिइनेछ ।

७. सुरक्षित खानेपानीमा सबैको पहुँच पुऱ्याउन पानी परीक्षण प्रयोगशालाको व्यवस्था मिलाइनेछ।

८. फोहर मैलाको उचित व्यवस्थापन गर्न फोहरमैला विसर्जन केन्द्र (डम्पिङ्ग साईट) को सम्भाव्यता अध्ययन गरिनेछ ।

**विद्यूतिकरण र आधुनिक उर्जा :**

१. बाँझो खेतहरुमा विद्युतीकरण गरि भुमिगत जलसिंचाईबाट कृषिजन्य उत्पादनमा वृद्धि गरिने कार्यक्रम लागु गरिनेछ ।

२. विद्युत नपुगेका गाउँटोलमा विद्युतिकरण गरिनेछ ।

३. कृषिमा आधारित कृषकहरु मध्ये आर्थिक रुपले पछि परेको अति विपन्न कृषकहरुलाई कृषि मिटर जडान प्रक्रियामा लाग्ने सम्पूर्ण खर्च पालिकाले व्यहोर्ने वातावरण मिलाईनेछ ।

४. नेपाल विद्युत प्राधिकरण (NEA) र यस पालिकाको कार्यालय वीच आवश्यक समन्वय गरी सडक वत्ति प्रवर्द्धन कार्यक्रम संचालन गरी उज्यालो पालिका निर्माण गरिनेछ ।

५. सडकका पोलहरुमा वत्ती जडान तथा सोलार सडक वत्ती जडान कार्यलाई प्राथमिकता दिइनेछ ।

६. स्थानीय स्तरमा उपलब्ध हुन सक्ने वैकल्पिक उर्जाका श्रोतहरुको पहिचान गरी वायोब्रिकेट होम सोलार सिस्टम, सुधारिएको चुलो, सामुदायिक बायो ग्यास प्लान्ट जस्ता कार्यक्रमहरु संचालन गर्दै प्राकृतिक श्रोतसाधनहरुको प्रयोग र व्यवस्थापन गरिदै लगिनेछ ।

७. सडक, बाटोमा अव्यवस्थित रुपमा गाडिएको तथा जिर्ण रहेका विद्युतका पोलहरुलाई नेपाल विद्युत प्राधिकरणसंग आवश्यक समन्वय गरी उक्त पोलहरुलाई उचित व्यवस्थापन गरिनेछ ।

**जलस्रोत तथा सिचाई पूर्वाधार :**

१. महुली, गहिरी, गौरी, अमसोत, डुमरजोर खोलाहरुमा सिचाईको सम्भाव्यता अध्ययन अनुसन्धान गरी प्रादेशिक सरकार तथा संघीय सरकारसँग नहर, पक्की कुलो, निर्माण जस्ता दिर्घकालीन योजनाहरु पेश गरी कृषिजन्य उत्पादनमा वृद्धि गर्ने कार्यक्रमहरुको सुरुवात गरिनेछ ।

२. गाउँपालिका भरिका पौराणिक कुलोहरुको स्तरउन्नती र पक्की कुलोहरु निर्माण गरी संरक्षण सम्वर्द्धन गर्ने कार्यक्रमहरुको थालनी गरिनेछ ।

३. नदी कटान क्षेत्रहरुमा क्रेटिङ्ग, जाली, वृक्षारोपन तथा तटवन्ध निर्माणको लागि राष्ट्रपति चूरे संरक्षण कार्यक्रम प्रदेश सरकार, संघिय सरकारसँग योजना माँग गरी कृषि योग्य जमिन तथा गाउँवस्तीहरुको संरक्षण गरिने दीर्घकालिन योजनाहरु संचालनमा ल्याईनेछ ।

४. वर्तमान समयमा हाम्रो पालिका क्षेत्रको Water Level (लेयर) दिन प्रतिदिन घटिरहेको हुँदा वातावरणीय पर्यावरणमा प्रतिकूल असर परिरहेको अवस्थामा सम्वन्धित समस्यालाई न्यूनिकरण गर्न वातावरण विदहरुसँग परामर्श लिई सम्भाव्यता अध्ययन अनुसन्धान गरिनेछ ।



CamScanner

५. भुमिगत जलश्रोत तथा पानीको सतहलाई टेवा पुग्ने तरिकाले चुरे वनको दक्षिणी क्षेत्रमा कृत्रिम ताल तलैयाको व्यवस्थापन गरिनेछ ।

**पूर्वाधार विकास सम्बन्धी नीति :**

१. अगामी पाँच वर्षमा नदी प्रवाहित रहेको क्षेत्रका गाउँहरुमा झोलुङ्गे पुल निर्माण गर्ने आवश्यक पहल गरिनेछ । जस्तै महुली देखि भिमार, रतवला देखि तीन घरे, ईटहर्वा मंडल टोल देखि ईटहर्वा सदा टोल आदि ।

२. पञ्चवर्षीय आवधिक योजना अन्तंगत महेन्द्र राजमार्ग तथा हुलाकी राजमार्गसँग जोडिने *(विशाल चौक देखि हुलाकी खाँडो पुलसम्म, जण्डौलदेखि हुलाकी)* साथै सबै वडा जोडिने - भोलानाथ मार्ग वडा नं.-६, ५, ४, २, कजला मार्ग वडा नं.-५, ४, ३, २) सडकहरु कालोपत्रे गर्नको लागि आवश्यक सम्भाव्यता अध्ययन अनुसन्धान तथा गुरु योजना तयार गरी सम्वन्धित निकाय तथा मन्त्रालयहरुमा योजना पेश गरिनेछ ।

३. ग्रामीण सडक तथा शाखा वाटोहरुको स्तरउन्नती गरी यातायात सेवालाई सहज वनाईनेछ ।

४. पालिका भित्रका सम्पुर्ण सडकहरुको नामाकरण गरिनेछ ।

५. आयोजनाहरुको वर्गीकरण गरी संघ र प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ ।

६. सडक तथा सार्वजनिक बाटो डगर अतिक्रमण गरी वनाएका संरचनालाई हटाउँदै लगिनेछ ।

७. गाउँपालिकाको केन्द्र र वडा जोड्ने सडकको चौडाई कम्तीमा ८ मिटर र वडास्तरीय सडकहरु न्यूनतम ४ मिटरको वनाइने नीतिलाई कडाईका साथ लागु गर्दै लगिनेछ ।

८. गाउँपालिका प्रशासनिक भवन, वडा कार्यालय, स्वास्थ्य चौकी, वर्थिङ्ग सेन्टर, विद्यालय भवन, सामुदायिक भवन जस्ता अत्यावश्कीय भवन संरचनाहरुको निर्माण कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।

९. पूर्वाधार निर्माण गर्दा महिलामैत्री, वालमैत्री, अपाङ्गमैत्री तथा वातावरणमैत्री नीती लिइनेछ ।

१०. वृद्धाश्रम संचालनको लागि प्रदेश तथा संघिय सरकारसंग समन्वय गरी वजेट माग गरिनेछ ।

११. यस गा.पा. भित्र रहेका देवस्थलहरु अग्नीसाइर मन्दिर, कृष्णासवरन मन्दिर स्तरोन्नतिका लागि प्रदेश तथा संघिय सरकारसंग रकम माग गरिनेछ ।

१२. ६ वटै वडामा वर्थिङ्ग सेन्टर संचालनका लागि प्रदेश सरकारसंग उपकरण तथा औजार सामाग्री माग गरिनेछ ।

१३. वडा नं. ६ स्थित निर्माणधिन अवस्थामा रहेको आँप प्रशोधन केन्द्रलाई पूर्णता दिनका लागि संघिय सरकारसँग आवश्यक वजेटका लागि समन्वय गरिनेछ ।

१४. अधुरो वडा कार्यालयहरुलाई क्रमागत योजनामा राखी सम्वन्धित निकायसँग आवश्यक वजेट माग गरिनेछ ।

**सुरक्षित आवास व्यवस्था :**

१. आवधिक योजना अन्तंगत यस पालिका अन्तर्गतका ६०० अति विपन्न घरधुरी पहिचान गरी सुरक्षित आवास निर्माणको प्राथमिकतामा राखि आवास हस्तान्तरण गर्ने योजना रहेको छ । यसका लागि पालिकाले अविलम्व जनता आवास कार्यक्रम, सहरी विकास मन्त्रालय, महुली सामुदायिक, ह्याविटे नेपाल, वास नेपाल, साहारा नेपाल, कोशि पीडित समाज सम्वन्धित संघ संस्थाहरुसँग समन्वय तथा छलफल गरी कार्यक्रम अगाडी वढाइनेछ ।

२. नमूना वस्तीहरुको परिकल्पना गरि कार्यान्वयनमा ल्याईनेछ ।

३. पञ्च वर्षे आवधिक योजना अन्तंगत एक टोल एक व्यवस्थित सामुदायिक भवन निर्माण गरिनेछ । जस अन्तंगत पुस्तकालय, ई-लाईब्रेरी, वैठक कक्ष, विद्युत, इन्टरनेट, सार्वजनिक शौचालय, खानेपानीको व्यवस्था समेत रहनेछ ।

४. सुरक्षित नागरिक आवास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।



CamScanner

५. भूमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको लगत संकलन गरी राष्ट्रिय भुमि आयोगसँग समन्वय गरी जग्गा वर्गिकरण सहितको कार्य अगाडी वढाइनेछ ।

**सहकारी क्षेत्रको विकास :**

१. उद्यमशिलतामा वल पुर्‍याउन सहकारीहरुलाई प्राथमिकतामा राखी आवश्यक सहयोग, विचार गोष्ठि, सेमिनार तथा पुँजी विकासमा सहयोग पुग्नेगरी कार्यक्रम ल्याईनेछ ।
२. सहकारी संस्थाहरुलाई प्रयोग गरि स्थानिय स्रोत र साधनमा आधारित लघु व्यवसाय संचालनमा प्रोत्साहन पुग्नेगरी कार्यक्रमहरु ल्याईनेछ ।
३. श्रमसहकारीको स्थापना गरी एक घर एक रोजगार अभियान संचालन गरिने वातावरण मिलाईनेछ ।
४. वित्तीय साक्षरता कार्यक्रम जनस्तरसम्म संचालन गरिनेछ ।

**भूमी व्यवस्थापन तथा सहरी विकास :**

१. अगामी पाँच वर्षमा आवधिक योजना अर्न्तगत सहरी विकास मन्त्रालयको सहयोग, पालिकाको आन्तरिक वजेटवाट यस पालिका क्षेत्रमा रहेका हाट वजारहरुः महुली, जण्डौल, तपेश्वरी, वनौली, विशाल चौक, सितापुर, चाँदनी चौक, प्रसवनी, मटिगढा, हरिहरपुरमा वृहत गुरु योजना सहित भौतिक पुर्वाधारहरुको विकास गरिनेछ एवं हाट वजारलाई व्यापार व्यवसाय मैत्री वनाई आन्तरिक राजस्वमा बृद्धि गरि आत्मनिर्भर पालिका निर्माण गर्ने परिकल्पना गरिएको छ ।
२. यस पालिका क्षेत्रमा एक पशुहाट स्थापनाको सम्भावना अध्ययन गरिनेछ ।
३. वडा नं. ६ स्थितको औद्योगिक ग्राम र आंप प्रसोधन केन्द्रको सम्पुर्ण निर्माण कार्य पाँच वर्ष भित्रमा सम्पन्न गरी उद्योग संचालनमा ल्याउने र स्थानिय रोजगारी सूनिश्चिता गर्न कार्य अगाडी वढाइनेछ ।
४. पालिका मातहतका सार्वजनिक जग्गा संरक्षण सम्वर्द्धनका लागि स्थानीय उपभोक्ता समुह, सामाजिक संस्थाहरुवाट गर्ने व्यवस्था मिलाईनेछ । साथै यसवाट पालिकाको आन्तरिक स्रोत वृद्धि समेत हुने अपेक्षा गरिएको छ ।
५. शहरको रुपमा विकास भईरहेका महुली वजार, जण्डौल वजार, प्रसवनी हाट, रामजानकी वजार, चाँदनी चौक लगायतका वजारहरुलाई आधुनिक तथा स्मार्ट सिटीको रुपमा विकास गर्न संघ र प्रदेश सरकार समक्ष आवश्यक पहल गरिनेछ ।
६. खेतीयोग्य जग्गाहरुवाट उत्पादन वढाउन तथा वाँझो राख्न नदिन भूमि वैंकको स्थापनाका लागि ठोस नीति कार्यान्वयनमा ल्याईनेछ ।
७. गाउंपालिका क्षेत्रभित्र पर्ने सम्पूर्ण सार्वजनिक (ऐलानी) जग्गाहरुको लगत कायम गरी स्पष्ट श्रेष्ता अभिलेखिकरण गरि संरक्षण गर्न सिमा सरहद कायम गरिनेछ ।
८. यस गा.पा. अन्तर्गत वडा नं.-२ स्थितको एकिकृत ग्रामिण विकास परियोजनाका नाममा रहेका जग्गामा केहि व्यक्तिहरु व्यक्तिगत प्रयोजनमा ल्याएको हुँदा उक्त जग्गालाई वजार व्यवस्थापन प्रयोजनका लागि सार्वजनिकीकरण गर्न सम्वन्धित निकायको समन्वयमा गा.पा.द्वारा आवश्यक पहल गरिनेछ ।

**पर्यटन पूर्वाधार विकास तथा प्रवर्द्धन :**

१. ऐतिहासिक धरोहर वोकेका तिरहुत थान (गौरीमोराइन) बाट कृष्णासवरन हुँदै अग्नीसाईर मन्दिरसम्म जोडने पद मार्ग (हाईकिङ्ग ट्रेल निर्माण) को आवश्यक विकास गरी धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न वृहत गुरुयोजना सहितको दिर्घकालीन योजना ल्याईनेछ ।

२. अधुरो रहेको धार्मिक पर्यटकीय स्थल कजला दह, अग्नीसाइर देवस्थल, कृष्णासवरन मन्दिर र लडूवा बाबा थान लगायतलाई प्रभावकारी ढंगबाट संरक्षण सम्वर्द्धन एवं सौन्दर्यकरण गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने ठोस योजना ल्याइनेछ ।

**कला संस्कृति :**

१. पालिका क्षेत्रमा एक थारु संग्राहलयको स्थापनाको लागि गुरुयोजना तयार गरी पाँच वर्ष भित्रमा सम्पन्न गरिनेछ।

२. मौलिक परम्परा तीज, जितिया, समाचकेवा, माघी, मोहरम, फागु पुर्णिमा, लोसार, छठ लगायतका कार्यक्रम संचालन गर्न जातीय संघ संस्थाहरुलाई सहयोग गरिनेछ।

३. योग तथा अध्यात्मिक शिविरहरु सामुदायिक एवम् संस्थागत विद्यालयहरुमा संचालनमा ल्याईनेछ।

४. गाउँघरमा रहेको भजन किर्तन मण्डलीहरुलाई सम्मान स्वरुप सहयोगका कार्यक्रम ल्याईनेछ।

**युवा तथा खेलकुद :**

१. पालिका भित्रका ईतिहास बोकेका घोंघिदाहा, जण्डौल, मोहनपुर, प्रसवनी, मटिगढा, सितापुर, हरिहरपुर, वनौली, भिमारमा रहेको खेलमैदानहरुको स्तरउन्नती गरिनेछ।

२. वैदेशिक रोजगारमा जाने युवाहरुको लागि शिपमुलक तथा रोजगारमुलक तालिमहरुको आयोजना गर्ने कार्यक्रम लागु गरिनेछ।

३. समयावधि सकेर वैदेशिक रोजगारबाट फर्केका युवाहरुलाई व्यवसाय विकास तथा उद्यम विकास तालिम दिईनेछ।

४. नशालु पदार्थ सेवन गर्ने युवा लक्षित मनोसामाजिक परामर्श तथा त्यस्ता युवाहरु लक्षित कार्यक्रम संचालन गरिनेछ।

५. वृहत अध्यक्ष कप फुटवल प्रतियोगितालाई आगामी बर्षमा पनि निरन्तरता दिइनेछ।

६. आधुनिक कभर्डहलको स्थापना गरिनेछ।

७. खेलकुद तथा खेलाडीमा योजनावद्ध लगानी गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

८. स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनैतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरुको पूर्ण उपयोगको वातावरणको सिर्जना गर्ने, युवाको शसक्तिकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गरिनेछ।

**महिला सम्मानता र शसक्तिकरण :**

१. महिलाहरुलाई आत्मनिर्भर वनाउन सिलाई कटाई, चुरापोते, व्युटिपार्लर, कम्प्युटर, कुशन तथा खेलौना जस्ता शिपमूलक तालिमहरु संचालन गर्ने।

२. लैङ्गिक हिंसाहरुको विरुद्व सचेतनामुलक तालिम गोष्टीहरु संचालन गरिनेछ।

३. किशोरीहरुलाई आत्मरक्षा सम्वन्धी तालिमहरु संचालन गरिनेछ।

४. सामाजिक क्रियाकलापहरुमा नेपाल सरकारको प्रचलित कानून वमोजिम निर्धारण गरिएको ३३% महिला सहभागिताको वातावरण सृजना हुने गरी कार्यक्रमहरुमा सहभागिता गराईनेछ।

५. प्रजनन स्वास्थ्य, मातृत्व संरक्षण शिक्षा सम्वन्धी तालिम, गोष्ठी, सेमिनारहरु संचालन गरिनेछ।

६. गृहणी महिलाहरुलाई वित्तीय साक्षरता तथा प्राथमिक शेयर वजार सम्वन्धी गोष्ठी, तालिमहरु संचालन गर्ने।

७. महिलाहरुलाई उद्यमी वनाउदै आत्मनिर्भर वनाउने लक्ष्यका साथ प्रत्येक वडाबाट कम्तीमा २५ जना महिलालाई उद्यमी तालिम दिई संगठित वनाउदै लैजानेछ।

८. महिलाहरुको आर्थिक, सामाजिक र राजनीतिक अधिकारहरुको संरक्षण र सम्वर्द्धन गरिनेछ।

९. महिला विरुद्ध हुने सवै प्रकारका हिंसा, शोषण तथा विभेद र वहिष्करणको रोकथाम एवम् नियन्त्रणका लागि कार्यक्रमहरु संचालन गरिनेछ।



CamScanner

१०. मानव वेचविखन विरुद्धका दिवस, राष्ट्रिय वाल दिवस, महिला दिवस, किशोरी दिवस, ज्येष्ठ नागरिक दिवस र लैगिंक हिंसा विरुद्धको १६ दिने अभियान लगायतका दिवसहरु भव्यताका साथ मनाइनेछ।

११. हिंसा पीडित महिलाहरुलाई मनोसामाजिक परामर्श तथा पुन:स्थापनका लागि आवश्यक प्रवन्ध गरिनेछ।

१२. सशक्त महिला समृद्ध नेपाल कार्यक्रमलाई प्रवर्द्धन गर्ने तथा Safe house को लागि भौतिक तथा आवश्यकता अनुसारको खर्च सहयोग गने साथै भविष्यमा यो कार्यक्रम ६ वटै वडामा विस्तार गर्ने प्रक्रिया अगाडी वाढाइनेछ।

**जेष्ठ नागरिक बालबालिका अपाङ्ग भएकाहरुको उत्थान तथा सामाजिक सुरक्षा :**

१. जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियामा सहजता ल्याईनेछ।
२. पालिका क्षेत्रमा कम्तीमा एक वटा अपाङ्गमैत्री विद्यालय संचालनमा ल्याईनेछ।
३. जेष्ठ नागरिक तथा अपाङ्गहरुलाई निशुल्क एम्वुलेन्स सुविधा प्रदान गरिनेछ।
४. वाल उद्यान तथा वाल क्लवहरुको निर्माण गरिनेछ।
५. जेष्ठ नागरिकहरुलाई लक्षित गरि पाटि, पौवा, चौतारा वनाईनेछ।
६. जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने तथा नि:शुल्क स्वास्थ्य परीक्षण गरिनेछ।
७. अपाङ्गता भएका व्यक्तिहरुलाई अपांगता सहायक सामाग्रीहरु वितरण गर्ने नीति लिइनेछ।
८. विद्यालय जाने उमेर वितिसकेका किशोरीहरुलाई अनौपचारिक शिक्षा तथा शिपमुलक तालिम मार्फत सशक्तिकरण गरिनेछ।
९. वालवालिका उपर हुने शारीरिक तथा मानसिक हिंसा विरुद्ध अभिभावकको सहभागितामा विद्यालयस्तरीय कार्यक्रम संचालन गरिनेछ।
१०. अपाङ्गताहरुलाई मांगको आधारमा शिपमुलक तालिम प्रदान गरिनेछ

**गरिवी निवारण तथा रोजगारी सिर्जना :**

१. प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढंगवाट संचालन गरिनेछ।
२. व्यवसायिक माछा पालन तथा पशुपालन: यस पालिका अर्न्तगत रहेका पोखरी ठेक्का लिएको व्यक्ति, समुह, उपभोक्ता तथा निजी पोखरी फर्म भएकाहरुलाई समय सापेक्ष व्यवसायिक माछापालन, पशुपंक्षी पालन तालिम प्राविधिक सुविधा तथा माछा, मासुको हाट वजार व्यवस्थापन सम्वन्धी व्यवस्था मिलाईनेछ।
३. गाई, भैंसी, वाखा, सुँगुर जस्ता व्यवसायीक पशुहरु गरीव परिवारहरुलाई अनुदान स्वरुप प्रदान गरि विउ पुँजी स्थापना गराइनेछ।
४. गरिवीको रेखामुनी रहेका दलित तथा उत्पिडित समुदायहरुको आर्थिक उन्नतीको लागि शिप विकाश, व्यवसाय प्रवर्द्धन एवम नेतृत्व विकाश सम्वन्धी कार्यक्रमहरु संचालन गरिनेछ।
५. गरिवी न्यूनिकरण तथा रोजगारीको अवस्था वृद्धि गर्न आवश्यक रणनीति वनाइनेछ।
६. गाउँपालिकामा संचालित संघ, प्रदेश र स्थानीय तहका योजनामा आवश्यक श्रमिक उपलब्ध भएसम्म रोजगार सेवा केन्द्रमा सुचिकृत वेरोजगार व्यक्तिहरुवाट नै काममा लगाउने व्यवस्था गरिनेछ।
७. वेरोजगार र रोजगारका सम्भावनाको वास्तविकता पत्ता लगाउन रोजगार नक्साङ्कन कार्य अघि वढाइनेछ।
८. रोजगार सेवा केन्द्रको संचालन तथा व्यवस्थापन थप प्रभावकारी वनाउनका लागि उचित वजेटको व्यवस्था गरिनेछ।
९. तुलनात्मक एवम् प्रतिस्पर्धात्मक लाभका क्षेत्रहरुको पहिचान गर्न आवश्यक पहल गरिनेछ।



CamScanner

१०. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको कामदारहरु प्रयोग गरी गाउँपालिकाको कार्यालय लगायत मातहतका कार्यालयहरुमा आवश्यकतानुसार सरसंफाई एवं वृक्षारोपण जस्ता कार्यहरुलाई निरन्तरता दिइनेछ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन :**

१. एक वडा एक ग्रिन पार्क (हरित पार्क) निर्माण गरी ग्रिन पालिकाको अवधारणा लागु गरिनेछ ।
२. सामुदायिक वनहरुमा घांसे, काठे विरुवा रोपण कार्यक्रम, विरुवा वितरण, संरक्षण र सम्वर्द्धनका कार्यक्रमहरु सामुदायिक वन उपभोक्ता समितीहरुसंगको सहकार्यवाट गरिनेछ ।
३. सामुदायिक वनहरुमा आम्दानीको श्रोत वढाउन जडिवुटी खेतीको लागि प्रोत्साहनमुलक कार्यक्रम लागु गरिनेछ ।
४. वृक्षारोपण कार्यक्रम अन्तंगत ५ वर्षमा कम्तीमा १ लाख विरुवा रोपि हरित क्रान्तीको अवधारणा लागु गरिनेछ ।
५. वाढी, आगलागी, भुकम्प, हुरी वतास, असिना, चट्यांग जस्ता प्रकोपवाट हुने क्षति न्यूनिकरण गरिनेछ । र गाउँपालिकाको विपद व्यवस्थापन कोषबाट विपदमा परेका घरपरिवारलाई राहत उपलब्ध एवम् क्षतिग्रस्त वाटो, पैनी आदि तत्काल मर्मत सम्भार गरिनेछ ।
६. विपद व्यवस्थापन सहायता कोष संचालन कार्यविधिका आधारमा विपदको पूर्व तयारी, रोकथाम, उद्धार, राहत तथा पुनर्स्थापनाका कार्यहरु संचालन गरिनेछ ।
७. विकासका कार्यहरु संचालन गर्दा वातावरणमैत्रीं तथा जलवायु परिवर्तनसँग अनुकुलित हुने गरी संचालन गरिनेछ ।
८. गाउँपालिकाका पुराना, रुग्न र जीर्ण पोखरीको मर्मत सम्भार तथा संरक्षण गरिनेछ ।
९. ऐलानी, पर्ति जग्गा, सार्वजनिक वाटो, डगर, सार्वजनिक गौचरण, नदी कटानवाट उकास भएको जग्गा, सार्वजनिक पोखरीको डिलहरुको सिमाङ्कन गरी रेकर्ड राख्ने तथा संरक्षण गर्ने कार्य गरिनेछ ।

**बहुक्षेत्रीय पोषण कार्यक्रम :**

१. बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिंदै कुपोषण न्यूनिकरण गर्ने तर्फ जोड दिइनेछ ।
२. पोषण प्याकेज सम्वन्धी विभिन्न पोषणयुक्त खाद्य पदार्थहरु वितरण गरिनेछ ।
३. पोषण सम्वन्धी जनचेतनामुलक कार्यक्र महरु संचालन गरिनेछ ।

●●●



CamScanner

**श्रद्धेय अध्यक्ष महोदय**

प्रस्तुत वजेट तयार गर्ने सन्दर्भमा स्थानीय राजश्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, गाउँपालिकाको नीति तथा कार्यक्रम र विभिन्न माध्यमहरुवाट गरिएको प्रतिवद्धता एवं घोषणा तथा गाउँकार्यपालिकाका निर्णयहरु वमोजिम यस गाउँपालिकाको आगामी आ.व.को लागि कायम हुने वजेट सीमाभित्र रही कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न आर्थिक विधेयक, २०८१, सेवा र कार्यहरुको लागि सञ्चित कोषवाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न विनियोजन विधेयक, २०८१ पेश गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

संघीयताको सफल कार्यान्वयनको लागि अन्तर सरकारको समन्वयलाई मजवुत र प्रभावकारी वनाउँदै गाउँपालिकालाई प्राप्त सीमित श्रोत साधनको समुचित उपयोग गरी सवै क्षेत्रहरुलाई समेटी समयमै वजेट कार्यान्वयन गर्न सक्ने गरी वजेट बाँडफाँड गरिएको जानकारी गराउन चाहन्छु ।

**बजेटका उधेश्यहरु :**

आगामी आर्थिक वर्ष २०८१/८२ को वजेटको मुख्य मुख्य उधेश्यहरु देहाय वमोजिम रहेका छन् ।

१. सामाजिक र आर्थिक रुपान्तरण गरी समृद्ध अग्नीसाईर कृष्णासवरन गाउँपालिका निर्माण गर्ने,
२. सार्वजानिक खर्चमा पारदर्शिता, मितव्ययीता, जवाफदेहिता र उत्तरदायित्व कायम गराउने,
३. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि गरि गाउँपालिकालाई कृषि उत्पादनमा आत्म निर्भर वनाई आयआर्जनको माध्यम वनाउने,
४. आर्थिक विकास, गरिवी निवारण, सामाजिक न्याय र समतामुलक विकासको अवधारणालाई अघि वढाउँदै अग्नीसाईर कृष्णासवरन वासीको जीवनस्तरमा अभिवृद्धि गर्ने,
५. उत्पादनमुलक र छिटो प्रतिफल प्राप्त गर्न सकिने आयोजना तथा कार्यक्रम संचालन गरी जनताको जीवनस्तरमा अभिवृद्धि गर्ने,
६. दीगो र सन्तुलित विकास, वातावरणीय संरक्षण एवं संवर्द्धन गर्दै दीर्घकालीन विकासको अवधारणालाई सघाउ पुर्‍याउने,
७. आर्थिक अनुशासन तथा वित्तिय सुशासन कायम गर्ने ।

**बजेटका प्राथमिकताहरु :**

अग्नीसाईर कृष्णासवरन गाउँपालिकाले अनुशरण गरेको **सुखी र समृद्धिको आधार कृषि, पर्यटन र पूर्वाधार** भन्ने दीर्घकालीन दृष्टिकोणलाई आत्मसात गर्दै आगामी आर्थिक वर्ष २०८१/८२ को वजेटमा देहायका क्षेत्रमा लगानीलाई उच्च प्राथमिकता दिएको छु ।

१. नागरिकहरुको स्वास्थ्य सेवा सर्वसुलभ वनाउन स्वास्थ्य वीमा कार्यक्रम प्रभावकारी वनाउने,
२. भौतिक पूर्वाधार निर्माणमा गाउँपालिका केन्द्र र वडा केन्द्रहरुलाई जोड्ने रणनीतिक महत्वका सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई उच्च प्राथमिकतामा राख्ने साथै सडकहरुको स्तरोन्नतीका लागि कालोपत्रे एवं पक्की ढलान सडक निर्माणका लागि जोड दिने,

३. गाउँपालिकाको प्रशासनिक भवन निर्माण र गाउँपालिका अन्तर्गतका वडाका वडा कार्यालय भवनहरु, स्वास्थ्य चौकी, विद्यालय भवन निर्माण लगायतका पूर्वाधार संरचनाहरु र अन्य संघसंस्था सामुदायिक भवन निर्माण गर्ने,

४. गुणस्तरीय र समुचित खानेपानीको व्यवस्थापनका लागि गाउँपालिकामा खानेपानी परीक्षण प्रयोगशालाको स्थापना गर्ने,

५. गुणस्तरीय र सर्वसुलभ शिक्षाका लागि शैक्षिक पूर्वाधारहरुको निर्माण, शिक्षक तथा विद्यार्थीहरुको उत्प्रेरणा अभिवृद्धि गर्ने,

६. कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्धि र अनुदानका कार्यक्रम मार्फत कृषिको आधुनिकीकरण, व्यवसायीकरण र यान्त्रिकरणमा जोड दिने ,

७. पर्यटकीय पूर्वाधारहरुको निर्माण र विकासका साथै पर्यटकीय सम्भावनाका क्षेत्रहरुको समुचित विकास गर्दै पर्यटन प्रवर्द्धनका कार्यक्रम संचालन गर्ने,

८. आयआर्जन, क्षमता विकास र सशक्तिकरणका साथै मानव संसाधनको विकास गरी गाउँपालिकालाई आकर्षण केन्द्रको रुपमा स्थापित गर्ने,

९. परम्परागत संस्कृति, मठ मन्दिर, गुम्वा तथा धार्मिक पर्यटकीय क्षेत्रहरुको संरक्षण तथा संवर्द्धन र घरेलु तथा साना उधोगहरु एवं सहकारी क्षेत्रको विकास गर्ने,

१०. महिला, वालवालिका, आदिवासी जनजाति, दलित, ज्येष्ठ नागरिक, अपांग लगायत पछाडि परेका वर्गको उत्थान तथा विकास र सामाजिक सुरक्षा कार्यक्रम संचालन गर्ने,

११. सरसफाई तथा फोहोरमैला व्यवस्थापन, वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापन, हरियाली प्रवर्द्धन र वातावरणमैत्री विकासलाई अगाडि वढाउने,

१२. यस गाउँपालिकावाट प्रवाह गरिने सेवालाई मितव्ययी, प्रभावकारी, उत्तरदायी, पारदर्शी र नतिजामुखी तुल्याउनका लागि आवश्यक संरचनागत, संस्थागत र जनशक्ति विकास गर्ने,

**श्रद्धेय अध्यक्ष महोदय,**

अव म यस अग्नीसाईर कृष्णासवरन गाउँपालिकालाई आगामी आ.व.२०८०/८१ को लागि श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिवाट कायम हुन आएको कुल वजेट रकम रु.६०,२४,४७,००० (साठी करोड चौविस लाख सैतालिस हजार) को शीर्षकगत आय र व्यय विवरण देहाय वमोजि प्रस्तुत गरेको छु ।

रु. हजारमा

| | शिर्षक | आ.व. २०८०।०८१ को यथार्थ | आ.व. २०८१।०८२ को प्रस्तावित अनुमान |
|---|---|---|---|
| आयः | | | |
| १ | राजश्व | | |
| ११. | आन्तरिक राजश्व | | १,००,००,००० |
| १२. | नेपाल सरकार (राजश्व वाँडफाँड) | | ९,४१,००,००० |
| २. | नेपाल सरकारबाट प्राप्त हुने अनुदान | | ० |
| २१. | बित्तीय समानीकरण अनुदान | | १०,३९,००,००० |
| २२. | सशर्त अनुदान | | २०,०६,१९,००० |
| २३. | बिशेष अनुदान | | ९०,००,००० |
| २४. | समपुरक अनुदान | | १,००,००,००० |
| ३ | प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | | ० |

| | | | |
|---|---|---|---|
| ३१. | बित्तीय समानीकरण अनुदान | | ७३,२८,००० |
| ३२. | सशर्त अनुदान | | ८०,००,००० |
| ३३. | बिशेष अनुदान | | ३०,००,००० |
| ३४. | समपुरक अनुदान | | २०,००,००० |
| ३५. | सवारी साधन कर | | ४५,००,००० |
| ४. | सामाजिक सुरक्षा | | १४,००,००,००० |
| ५ | चालू बर्षको नगद मौजदात | | १००,००,००० |
| ६ | बहुक्षेत्रिय पोषण योजना | | ० |
| ७ | लागत सहभागिता | | ० |
| ८ | जनसहभागिता | | ० |
| ८१. | नगद सहभागिता | | ० |
| | कुल आय | | ६०,२४,४७,००० |
| व्यय | | | |
| १ | वडा तर्फको सिलिङ्ग (जीगतपूँ) | | ३,००,००,००० |
| २ | शशर्त अनुदान | | २२,९६,१९,००० |
| ३ | सामाजिक सुरक्षा कार्यक्रम | | १४,००,००,००० |
| ४ | बहुक्षेत्रिय पोषण योजना | | ० |
| ५ | चालु खर्च तर्फ बिनियोजित (वडा कार्यालय तर्फ) | | ४२,००,००० |
| ६ | बिषयगत शाखा (चालु) | | २,००,००,००० |
| ७ | कार्यालय संचालन तर्फ चालु खर्च (तलव भत्ता, अन्य कार्यालय खर्च) | | ७,१९,५०,००० |
| ८ | गा.पा. स्तरीय पूँजीगत कार्यालय पूँजीगत + | | १०,६६,७८,००० |
| | कुल व्यय | | ६०,२४,४७,००० |

| आगामी आ.व. २०८१/८२ को प्रस्तावित व्यय विवरण | | | | |
|---|---|---|---|---|
| १ | चालु खर्च | | | ४३,३०,४७,००० |
| २ | पूँजीगत खर्च | | | १६,९४,००,००० |
| | | कुल | | ६०,२४,४७,००० |

उल्लेखित आ.व.२०८१/८२ को लागि प्रस्ताव गरिएको आय र व्यय विवरण अनुसार स्रोत साधनको उपलव्धतालाई मध्यनजर गर्दै सवै क्षेत्रमा सन्तुलित रुपमा वजेट विनियोजन गर्ने प्रयास गरेको छु ।

**श्रद्धेय अध्यक्ष महोदय,**

उल्लेखित क्षेत्रगत वाँडफाँडको विस्तृत विवरण अनुसुचीहरुमा उल्लेख गरिएको छ । आगामी आर्थिक वर्षको लागि प्रस्ताव गरिएको आयोजनागत वाँडफाँडको विवरण वार्षिक विकास कार्यक्रममा समावेश गरिएको छ । सशर्त अनुदान तर्फको हस्तान्तरित तथा निक्षेपित कार्यक्रमहरु प्राप्त कार्यक्रमका आधारमा संचालन हुने गरी व्यवस्था मिलाईएको छ ।

कर सम्वन्धी प्रस्ताव आर्थिक ऐन, २०८१ यसैसाथ प्रस्तुत गरेको छु । स्थानीय राजश्व परामर्श समितिको सिफारिसमा आगामी आ.व.को लागि प्रस्ताव गरिएको करका दरहरुमा समयानुकुल सामान्य हेरफेर गरिएको छ । उक्त कर दस्तुर सम्वन्धी प्रस्ताव २०८१ साउन १ गतेवाट लागु हुने गरी व्यवस्था मिलाएको छु ।



CamScanner

**श्रद्धेय सभाध्यक्ष महोदय एवं सभाका सदस्य ज्युहरु,**

कुनै एक क्षेत्रको विकासले मात्र समग्र गाउँपालिकाको विकास हुन नसक्ने वस्तुगत यथार्थहरुलाई मनन् गर्दै बजेट तयार गर्दा सबै क्षेत्रहरुलाई समेट्ने प्रयास गरिएको छ। यसबाट सबै क्षेत्रको सन्तुलित विकासमा टेवा पुग्नेछ भन्ने मैले विश्वास लिएको छु। गाउँपालिकालाई प्राप्त सीमित श्रोत साधनलाई अधिकतम उपयोग गर्ने गरी योजना तथा कार्यक्रमहरुमा बाँडफाँडको व्यवस्था मिलाई सोही अनुसार बजेट विनियोजन गरिएको छ। बजेटले लिएको उधेश्य प्राप्तिका लागि प्रभावकारी कार्यान्वयन एवं अनुगमन, मूल्यांकन जरुरी हुन्छ, यसका साथै संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यक्रमहरु समेत आवश्यक पर्न जान्छ। उपर्युक्त बजेट कार्यान्वयनमा सम्पूर्ण गाउँपालिका वासी एवं सरोकारवाला सबै पक्षहरुवाट सहयोग, सल्लाह, रचनात्मक सुझाव, श्रृजनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने अपेक्षा लिएको छु।

अन्त्यमा, प्रस्तुत बजेट तर्जुमाको सिलसिलामा हर बखत अमूल्य सुझाव दिई सहयोग गर्नुहुने श्रद्धेय गाउँपालिका अध्यक्षज्यु, वडाध्यक्ष ज्युहरु, कार्यपालिका सदस्यज्युहरु, निर्वाचित पदाधिकारीज्युहरु, गाउँपालिकामा क्रियाशील राजनैतिक दलका पदाधिकारीज्युहरु, प्रमुख प्रशासकीय अधिकृत एवं राष्ट्रसेवक कर्मचारीहरु लगायत सबैमा हार्दिक कृतज्ञता प्रकट गर्दै धन्यवाद दिन चाहन्छु। बजेट तर्जुमाका विभिन्न चरणहरुमा सहभागी भई प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग पुर्याउनुहुने सम्पूर्ण गाउँपालिकावासीहरु एवं आम नागरिकहरुमा धन्यवाद दिन चाहन्छु। यस गाउँपालिकाले लिएका दीर्घकालीन नीति, कार्यक्रम तथा बजेट र आगामी आ.व.को लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेट प्रभावकारी रुपमा कार्यान्वयन हुन सकेमा अग्नीसाईर कृष्णासवरन गाउँपालिकाको भौतिक पूर्वाधार लगायत आर्थिक, सामाजिक, सांस्कृतिक एवं मानव विकासका क्षेत्रमा सकारात्मक प्रभाव पर्ने देखिएकोले यसको सफल कार्यान्वयनका लागि सम्वद्ध सबै पक्षहरुवाट सदाझैं निरन्तर सहयोगको आह्वान गर्दै प्रस्तुत बजेटको दफावार छलफलमा यस सभावाट प्राप्त थप रचनात्मक सुझावहरुको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दै पुनः सबैमा धन्यवाद दिदै म विदा हुन चाहन्छु।

धन्यवाद। नमस्कार

**कल्पना कुमारी चौधरी**
**संयोजक**
**बजेट तथा कार्यक्रम तर्जुमा समिति**